नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी, भक्तपुर ।

## उत्तरपुस्तिका छपाई तथा ढुवानी सम्बन्धी बोलपत्रको सूचना

(प्रकाशित मिति : २०७५/६/२२ गते)

राष्ट्रिय परीक्षा बोर्डबाट २०७६ सालमा सञ्चालन गरिने कक्षा ११ र १२ को परीक्षाको लागि आवश्यक उत्तरपुस्तिका छपाई गरी बोर्डका सम्बन्धित शाखा कार्यालयहरुमा ढुवानी समेतका लागि सात वटा प्याकेजमा छपाई गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम २५(२) बमोजिम विगत ३ बर्षको अवधीमा देहाय बमोजिम छपाई सम्बन्धी बार्षिक औषत कारोबार गरेका, नेपाल सरकारबाट छपाई कार्यका लागि इजाजत प्राप्त इच्छुक छापाखाना, संस्था वा कम्पनीले निम्न शर्तहरुको अधिनमा रही सबै उत्तरपुस्तिकाहरु सम्बन्धित शाखा कार्यालयमा आपुर्ती गर्ने शर्तमा **विद्युतीय खरीद प्रणाली मार्फत मात्र** बोलपत्र खरीद गरी रितपूर्वक बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१) बोलपत्र सम्बन्धी सूचना यस बोर्डको website : www.neb.gov.np र सार्वजनिक खरीद अनुगमन कार्यालयको website : www.ppmo.gov.np/egp मा समेत हेर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बोर्डको कर्मचारी प्रशासन तथा जनशक्ति विकास महाशाखा वा फोन नं. ०१६६३०८४८ मार्फत पनि बुझ्न सकिनेछ । अन्य कार्यविधिहरु सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र विद्युतीय खरीद प्रणाली सञ्चालन निर्देशिका, २०७४ अनुसार हुनेछ । बोलपत्र सम्बन्धी अन्य व्यवस्थाहरु बोलपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तहरुमा उल्लेख भए बमोजिम हुनेछन् ।

२) बोलपत्रदाताहरुले बोलपत्र विद्युतीय खरीद प्रणालीको माध्यमबाट मात्र खरीद गरी सोही माध्यमबाट दाखिला गर्नुपर्नेछ । सो को लागि सार्वजनिक खरीद अनुगमन कार्यालयको इ गभर्मेन्ट प्रोक्युरमेन्ट पोर्टल http://www.bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ । यसरी विद्युतीय खरीद प्रणालीको माध्यमबाट बोलपत्र दाखिला गर्ने वोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरुको दस्तुर (शर्त नं. १६ मा उल्लेखित) बोर्डको सानोठिमी स्थित राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता च.हि.नं. १७३००००१३०१ मा जम्मा गरेको भौचर अपलोड गर्नुपर्नेछ । विद्युतीय खरीद प्रणालीको माध्यमबाट बोलपत्र दाखिला गर्ने अन्य प्रकृया र कार्यविधि विद्युतीय खरीद प्रणाली सञ्चालन निर्देशिका, २०७४, एवं बोलपत्रमा उल्लेखित वोलपत्रदाताहरुलाई दिइएको निर्देशन अनुरुप हुनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गरेका वोलपत्रदाताहरुले वोलपत्र सम्बन्धी कागजात र सो सँग पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरुको सक्कल प्रति २०७५/७/३० गते अपरान्ह ४ बजेभित्र राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा बुझाउनुपर्नेछ ।

३) बोलपत्रदाताको ग्राह्यता सम्बन्धी निम्नलिखित कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई समावेश गर्नुपर्नेछ ।
- क. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र ।
- ख. व्यवसाय दर्ताको इजाजतपत्र (नविकरणसहित) ।
- ग. छापाखाना सञ्चालन सम्बन्धी जिल्ला प्रशासन कार्यालयको अनुमति पत्र ।
- घ. मु.अ.कर र स्थायी लेखा दर्ता नं. (प्यान) प्रमाणपत्र ।
- ङ. आ.ब. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणपत्र ।
- च. स्व: घोषणा र अख्तियारी पत्र ।
- छ. बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गरिएका अन्य योग्यता/क्षमता सम्बन्धी कागजातहरु ।

४) बोलपत्रदाताले शर्त नं. १६ मा उल्लेख गरिए बराबरको बिडबण्ड रा.बा.बैंक, सानोठिमीस्थित यस बोर्डको धरौटी खाता च.हि.नं. १७३००००१५०१ मा दाखिला गरेको भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुने गरी घटीमा १२० (एक सय बीस) दिन म्याद भएको जमानत "क" वर्गको मान्यताप्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पत्र समावेस गर्नुपर्नेछ । बोलपत्र साथ समावेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिको भएमा मात्र मान्यता दिइनेछ ।

५) बोलपत्रदाताहरुसँग मिति **२०७५/७/१५ गते** दिनको १ बजे Pre-Bid Meeting यस कार्यालयमा तय गरिएको छ ।

६) बोलपत्रमा दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा दररेट फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दररेटमा केरमेट भएमा अनिवार्य रुपमा हस्ताक्षर गरी छाप लगाउनुपर्नेछ । दररेटको अंक र अक्षरमा टिपेक्स लगाई प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

७) कुनै शर्त राखी पेस गरेको बोलपत्रहरुउपर कुनै कारवाही गरिनेछैन ।

८) बोलपत्र फाराम **२०७५ साल कार्तिक २६ गते दिनको १२:०० बजेभित्र** दाखिला गरिसक्नुपर्नेछ । सो दिन बिदा परेमा पछि लगत्तै कार्यालय खुल्ने दिन अन्तिम दिन मानिनेछ ।

९) बोलपत्र **२०७५ साल कार्तिक २६ गते दिनको १३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरुको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

१०) रीत नपुगी, म्याद नाघी आएको बोलपत्रमा कुनै कारबाही गरिने छैन ।

११) बोलपत्र स्वीकृत गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहनेछ ।

१२) बोलपत्रसाथ उल्लेखित छपाई परिमाणमा १५ प्रतिशतसम्म थप/घट हुन सक्नेछ ।

**१३) कुनै एउटा फर्म/कम्पनीले ७ वटा प्याकेज मध्ये बढीमा तीनवटा प्याकेजमा मात्र बोलपत्र दाखिला गर्न पाउनेछ । एउटै फर्म/कम्पनीले तीनभन्दा बढी प्याकेजमा बोलपत्र दाखिला गरेमा निजले दाखिला गरेका सबै बोलपत्रहरु रद्द हुनेछन् ।**

१४) संयुक्त उपक्रममा बोलपत्र पेश गर्ने बोलपत्रदाताले साझेदार(हरु) को संयुक्त उपक्रमको सम्झौता कागजात अपलोड गर्नुपर्नेछ ।

१५) बोलपत्रदाताको योग्यता, अनुभव, बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु अनुरुप हुनुपर्नेछ ।

१६) बोलपत्रसम्बन्धी विवरण :

| बोलपत्र खरीद नम्बर | उ.पु. आपुर्ति गर्नुपर्ने कार्यालय | बोलपत्र दस्तुर | बोलपत्र बैंक ग्यारेन्टी रकम | बैंक ग्यारेन्टी रकमको समयावधि | बार्षिक औषत कारोबार |
|---|---|---|---|---|---|
| ३-२०७५/७६ | शाखा कार्यालय बिराटनगर | ३,०००।- | २५७०००/- | बोलपत्र खोल्ने दिनबाट गणना हुने गरी घटिमा १२० दिन | **प्रस्तावित सात वटा प्याकेज मध्ये**<br>• एकमात्र बोलपत्र पेश गर्ने फर्म/ कम्पनीको लागि : रु.५०,००,०००।- (पचास लाख मात्र)<br>• दुइवटा बोलपत्र पेश गर्ने फर्म/ कम्पनीको लागि : रु.१,००,००,०००।- (एक करोड मात्र)<br>• तीनवटा बोलपत्र पेश गर्ने फर्म/ कम्पनीको लागि : रु.१,५०,००,०००।- (एक करोड पचास लाख मात्र) |
| ४-२०७५/७६ | शाखा कार्यालय सिराहा र जनकपुर | ३,०००।- | २४३०००/- | | |
| ५-२०७५/७६ | शाखा कार्यालय हेटौडा | ३,०००।- | १६७०००/- | | |
| ६-२०७५/७६ | शाखा कार्यालय पोखरा | ३,०००।- | १९८०००/- | | |
| ७-२०७५/७६ | शाखा कार्यालय बुटवल | ३,०००।- | २४७०००/- | | |
| ८-२०७५/७६ | शाखा कार्यालय दाङ र कोहलपुर | ३,०००।- | २४२०००/- | | |
| ९-२०७५/७६ | शाखा कार्यालय धनगढी र डडेलधुरा | ३,०००।- | १९८०००/- | | |

**राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर**
**फोन नं. : ६६३०८४८**